# *जय भुँडी* निबन्धमा प्रगतिवाद

जीवनाथ सुवेदी
सह-प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: subedijibanath@gmail.com

## लेख-सार

*यस लेखमा पाश्चात्य साहित्य सिद्धान्त प्रगतिवादका आधारमा भैरव अर्यालको 'जय भुँडी' निबन्धको अध्ययन र विश्लेषण गरिएको छ । विश्लेष्य निबन्धमा प्रगतिवादी वैचारिकता के कस्तो छ, भन्ने विषयलाई यस लेखमा अध्ययन गरी व्याख्या गरिएको छ । यस अध्ययनमा भैरव अर्यालको 'जय भुँडी' निबन्धका माध्यमद्वारा समाजमा चेतना जगाउने कार्य गरिएको छ कि छैन भन्ने कुराको प्रगतिवादी दृष्टिले खोजी गरिएको छ । शोधार्थीहरूद्वारा साहित्यकार भैरव अर्यालको जीवनी, व्यक्तित्व, कृतित्व आदिका सम्बन्धमा विश्वविद्यालयीय सोपाधिक अनुसन्धानहरू गरिएका छन् । साहित्यिक पत्रपत्रिकाले भैरव अर्याल विशेषाङ्क नै निकालेका छन् । विविध पुस्तकमार्फत अर्याल र उनका कृतिबारे अध्ययन भएका छन् । यस लेखमा भने 'जय भुँडी' निबन्धको प्रगतिवादी दृष्टिले अध्ययन गरिएको छ । यो गुणात्मक अनुसन्धानअन्तर्गतको अध्ययन भएकाले यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक अनुसन्धान विधिअन्तर्गत व्याख्या-विश्लेषण गरिएको छ । यसमा समाजवादी यथार्थवादका रूपमा स्थापित प्रगतिवादी सिद्धान्तको परिचय दिएर 'जय भुँडी' निबन्धको सङ्क्षिप्त समीक्षा गरी त्यसमा प्रगतिवादी प्रवृत्ति पहिल्याएर वर्णनात्मक अनुसन्धान विधिका आधारमा उक्त रचनाको व्याख्या-विश्लेषण गरिएको छ । तत्कालीन नेपाली समाजमा विद्यमान वर्गभेदको हास्यव्यङ्ग्यात्मक शैलीमा आलोचनात्मक चित्रण गरिएको यस निबन्धमा प्रगतिवादी विचारको स्पष्ट र प्रभावकारी प्रयोग गरी समाजिक चेतना जगाएइएको हुँदा यो प्रगतिवादी दृष्टिले विशिष्ट स्तरको निबन्ध हो भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी :** द्वन्द्वात्मक भौतिकवादी विचार, प्रगतिवाद, प्रगतिशील लेखक सङ्घ, मार्क्सवादी दर्शन, वर्ग-सङ्घर्ष, सामाजिक यथार्थवाद

## विषय-परिचय

व्यक्तिगत आनन्द र मनोरञ्जन दिने उद्देश्यविपरीत सामान्य जनजीवनको चेतनाको विकास र उत्थानको उद्देश्यअनुकूल प्रगतिशील साहित्य लेखिने गर्छ । सामाजिक चेतना र विश्वबन्धुत्वको भावना जगाउने, मानव हितमा समाज परिवर्तनका लागि साहित्य लेखिनुपर्छ भन्ने मान्यतामा आधारित प्रगतिशील लेखकहरूको साहित्यिक आन्दोलन र मार्क्सवादी दर्शनबाट प्रभावित प्रगतिवादी साहित्यिक लेखन अघि बढेको पाइन्छ । राजा वा शासकको प्रशंसा, भक्ति, शृङ्गार, शास्त्रीय शैलीशिल्पको प्राधान्य तथा कल्पना र व्यक्तिगत संवेगमा केन्द्रित साहित्यलेखनभन्दा भिन्न सामाजिक विसङ्गति, विभेद र शोषणका विरुद्ध

जनचेतना जगाएर जनहितमा प्रेरणा दिने सामाजिक यथार्थ र मानवतालाई सर्वोपरि मान्ने प्रस्तुति प्रगतिवादी साहित्य लेखन हो ।

नेपाली साहित्यका हास्यव्यङ्ग्य लेखक भैरव अर्यालले नेपाली साहित्यमा निबन्ध र कविताका फाँटमा हास्यव्यङ्ग्य लेखनलाई विकसित तुल्याएका छन् । उनका रचनाहरूमा प्रगतिवादी चिन्तन पाइन्छ । उनका लोकप्रिय हास्यव्यङ्ग्य निबन्धहरूमा *जय भुँडी* चर्चित रचना हो । यसमा समाजमा रहिआएको वर्गभेद र वर्गद्वन्द्वलाई कलात्मक ढङ्गले रोचक तथा यथार्थपरक चित्रण गरिएको छ । यसमा शोषित वर्गले सचेत र एक जुट भई शोषणविरुद्ध विद्रोह गरेर समानताको अधिकार खोस्नुपर्छ भन्ने आह्वान गरिएको छ ।

भैरव अर्यालको *जय भुँडी* निबन्धमा प्रगतिवादी वैचारिकता के कस्तो छ भन्ने प्रश्न नै यस लेखको प्रमुख समस्या रहेको छ । त्यसअनुसार प्रगतिवादी दृष्टिमा *जय भुँडी* निबन्धको विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य उद्देश्य हो । यस निबन्धका माध्यमद्वारा समाजमा चेतना जगाउने कार्य गरिएको हुँदा यसको विश्लेषण गर्नु यस लेखको औचित्य रहेको छ । भैरव अर्यालको *जय भुँडी* निबन्धलाई प्रगतिवादी दृष्टिले मात्र विश्लेषण गर्नु यस अध्ययनको सीमा पनि हो ।

विभिन्न विश्वविद्यालयका नेपाली विषयका विद्यार्थीहरूद्वारा साहित्यकार भैरव अर्यालको जीवनी, व्यक्तित्व, कृतित्व आदिका सम्बन्धमा सोपाधिक अनुसन्धानहरू गरिएका छन् । विशेष गरी *सम्झना* भैरव स्मृति अङ्क (२०३६), *रचना* १६/२ (२०३८), *मधुपर्क* (२०५४) आदि पत्रिकाले भैरव अर्याल विशेषाङ्क नै निकालेका छन् । त्यसै गरी *कुञ्जिनी* ५/३ (२०५४), *सिस्नुपानी* (२०५८), *विवेक सिर्जनशील प्रकाशन* (२०६०) आदि पत्रिका र पुस्तकमार्फत अर्याल र उनका कृतिबारे अध्ययन भएको पाइन्छ । अर्यालका कृतिबारे अरू पनि धैरै अध्ययन भएका छन् तापनि *जय भुँडी* निबन्धको प्रगतिवादी दृष्टिले अध्ययन भएको पाइएन । अतः यो अध्ययनीय विषय भएकाले यस विषयमा यो लेख तयार पारिएको हो । यो गुणात्मक अनुसन्धानअन्तर्गतको अध्ययन भएकाले यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक अनुसन्धान विधिअन्तर्गत व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधारः प्रगतिवादको परिचय

प्रगतिको अर्थ अग्रगति वा राम्रोसँग अगाडि बढ्ने काम, उन्नति, विकास, उत्थान आदि हुन्छ । समाजको अग्रगति हुनुपर्छ भन्ने विचारलाई आत्मसात गरी सृजनारत सर्जकलाई प्रगतिशील साहित्यकार भनिन्छ । साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई महत्त्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त प्रगतिवाद हो (पोखरेल र अन्य, २०४०, पृ. ८६४) । कला कलाका लागि नभएर कला संसार बदल्नका लागि हुनुपर्छ भन्ने विचारबाट अभिप्रेरित प्रगतिशील लेखकहरूलाई समेटेर हेनरी बार्बुजले सन् १९३५ मा फ्रान्सको पेरिसमा प्रगतिशील लेखक संघ गठन गरी ई.एम. फोर्स्टरको अध्यक्षतामा प्रथम अधिवेशन भएपछि प्रगतिशील लेखन सङ्गठित रूपमै अघि बढेर पछि प्रगतिवादी लेखनको विकास भएको हो (SWAMI, 2020) । अतः कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादी विचारबाट प्रभावित साहित्यिक चिन्तनअन्तर्गत शोषित वर्गप्रति करुणापूर्ण र शोषक वर्गप्रति आक्रोशयुक्त लेखिएको साहित्यलाई प्रगतिवादी साहित्य भनिन्छ ।

यथार्थवादका आधारमा मार्क्सवादी दर्शनबाट उत्पन्न काव्यसिद्धान्तलाई प्रगतिवाद भनिएको पाइन्छ । प्रगतिवाद मार्क्सवादकै साहित्यिक संस्करण हो अथवा साहित्यमा मार्क्सवादी दृष्टिकोण प्रगतिवाद हो (जोशी, २०५१, पृ.६४) । प्रगतिवाद ऐतिहासिक चेतना, सामाजिक यथार्थवादी दृष्टिकोण, वर्गीय चेतनायुक्त विचारप्रति प्रतिबद्धता वा पक्षधरता, जीवनप्रति गहिरो आसक्ति, परिवर्तनका लागि सजगता र भविष्योन्मुखी दृष्टि भएको साहित्यिक प्रवृत्ति हो (https: www.mycoaching, in 18 July 2019) । प्रगतिवादले जीवनका विषमतालाई निवारण गरेर मानवताको प्रतिष्ठा गर्ने उच्च आदर्श दिएको हुन्छ ( भण्डारी, २०५५, पृ.४९४) । सामाजिक यथार्थवादका नाउँमा चलाइएको आन्दोलन प्रगतिवादले प्रारम्भमा जीवन र जगत्का वस्तुसत्यलाई उद्घाटित गर्दै समस्त साहित्यिक चेतलाई यथार्थतर्फ उन्मुख हुने प्रेरणा दिन्छ (भण्डारी, २०५५, पृ.४९३) । यस किसिमको जनचेतना जगाउने साहित्य सृजनालाई प्रगतिवादी साहित्य भनिन्छ ।

अदृश्य तत्त्वलाई भन्दा प्रत्यक्ष रूपमा समाजको उन्नतिलाई महत्त्व दिने प्रगतिशील सृजनाले सिद्धान्तको रूप लिएपछि साहित्यमा प्रगतिवाद स्थापित भएको हो । साहित्यमा सामाजिक यथार्थ दृष्टि, समसामयिक चेतना र दायित्वका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भावधारा, शोषण वर्गप्रति घृणा र शोषित वर्गप्रति हार्दिक सहानुभूति, अन्याय, अत्याचार, सामन्तवाद र पुँजीवादविरुद्ध क्रान्ति र परिवर्तनको उग्र कामना, जीवन सङ्घर्षको स्वीकार र शिल्पको अपेक्षा वस्तुलाई महत्त्व दिनु प्रगतिवाद हो (भण्डारी, २०५५, पृ.४९४) । मानवीय मूल्यको पक्षधर प्रगतिवादी साहित्यले विश्वबन्धुत्वको भावना, नारीप्रति आस्था, साहित्यमा बोलचालको भाषाको प्रयोग र सामाजिक यथार्थको वास्तविक चित्रणमा जोड दिन्छ ।

उपयोगितावादमा आधारित प्रगतिवादी साहित्य वर्गीय तथा सामाजिक समानताका पक्षमा लेखिन्छ । मार्क्सवादी दर्शनबाट प्रभावित भए पनि प्रगतिवादी लेखन कुनै राजनीतिक दलको अधीनस्थ भने होइन (SWAMI, 2020) । भारतीय प्रगतिवादी लेखक प्रेमचन्दका अनुसार साहित्यकार देशभक्ति र राजनीतिको पछाडि हिँड्ने होइन, बरू उनीहरूका अगाडि मसाल देखाएर हिँड्ने वर्ग हो । साहित्यमा राजाका गौरव गान, सुन्दरीको सौन्दर्य चित्रण, निजी वेदनाको अभिव्यक्ति धेरै भइसकेकाले अब सामाजिक दायित्वलाई सम्झेर उपेक्षित वर्गको अवस्था अगाडि ल्याएर उनीहरूको दशा सुधार्ने प्रयास गर्नुपर्छ ( SWAMI, 2020) । डा. नामवर सिंहका विचारमा कल्पनाप्रवण अन्तर्दृष्टि छायावादी प्रवृत्ति हो र अन्तर्मुखी बौद्धिकता प्रयोगवादको विशेषता हो भने यथार्थ सामाजिक चेतना प्रगतिवादको विशेषता हो (SWAMI, 2020) । प्रगतिवादी साहित्यमा भाग्यवादको विरोध र कर्मवादको समर्थन, नवनिर्माणको लालसा, नारीहरूको सम्मान, अन्धविश्वास र रूढिवादप्रति विद्रोह हुन्छ । यसरी मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट प्रेरित भएर मानव जातिको समानता र समाजको अग्रगतिको उद्देश्य राखेर लेख्नु नै साहित्यमा प्रगतिवाद हो ।

## विवेच्य निबन्धको परिचय

नेपाली साहित्यकार तथा सुप्रसिद्ध हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल (१९९३–२०३३) का निबन्धमा प्रशासनिक क्षेत्रका भ्रष्टाचार, आर्थिक असमानता, सामाजिक विसङ्गति, बेरोजगारी, शक्ति राष्ट्रका

गुटबन्दी र शस्त्रास्त्रको होडबाजीको सजीव चित्रण गरिएको हुन्छ। त्यस्तै सामन्त वर्गका विकृति-विसङ्गति, शोषण, अन्याय आदिको ठट्यौलो शैली र हास्यव्यङ्ग्यका माध्यमबाट भण्डाफोर गरिएका अर्यालका निबन्धमा प्रायः झर्रा शब्द, अनुप्रासमय वाक्पद्धति एवम् कथ्यनिकट भाषाको प्रयोग पाइन्छ। अर्यालका *काउकुती* (२०१९), *जयभुँडी* (२०२२), *गलबन्दी* (२०२६), *प्रवेशिका निबन्ध* (२०२७), *इतिश्री* (२०२८) र *दशऔतार* (२०३३) प्रसिद्ध हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशित छन्। यस लेखमा *जयभुँडी* (२०२२) निबन्धसङ्ग्रहमा सङ्कलित *जय भुँडी* शीर्षक निबन्धको प्रगतिवादी चिन्तनमा आधारित विश्लेषण गर्ने प्रयास गरिएको छ।

उपर्युक्त विशेषता भएका अर्यालका निबन्धहरूमध्ये *जय भुँडी* शीर्षक निबन्धमा वर्ग विभाजित समाजमा शोषक वर्ग र शोषित वर्गको द्वन्द्वलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको छ। पुराणको संज्ञा दिइएको यस रचनामा प्रागैतिहासिक युग वा पुराणमा वर्णित समाजदेखि दास युग, सामन्ती युग हुँदै आजको पुँजीवादी एवम् प्रजातान्त्रिक युगमा पनि शोषकबाट समयअनुसार नयाँ नयाँ तरिकाबाट शोषित वर्ग हेपिएको र दबिएको छ। अल्प सङ्ख्यामा रहेका सामन्ती प्रवृत्तिका जालीहरूले बहुसङ्ख्यक जनतामाथि पुरानो तरिकादेखि लिएर समयानुसार नयाँनयाँ ढङ्गले शोषण गरिरहेका छन् भन्ने कुरा देखाइएको छ। यस्ता उत्पीडनप्रति सचेत र सङ्गठित भएर शोषित वर्ग आफ्नो अधिकार र समानताका लागि अगाडि बढ्नुपर्छ भन्ने विचारलाई यस निबन्धमा प्रस्तुत गरिएको छ।

गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकतामध्ये गाँस पहिलो आवश्यकता हो। पेट भर्ने कुरामा नै समस्या भएपछि मान्छे बाँच्न सक्तैन। गाँस परिपूर्ति भएपछि बाँचेको मान्छेलाई कपास र बासको जरुरत पर्छ। समाजमा गाँसको समान वितरण नहुँदा नै एक थरी वर्गलाई समस्या परेको हुन्छ। त्यही समस्याबाट फाइदा उठाएर अर्को थरी वर्गले अभावग्रस्त वर्गमाथि शोषण गरिरहेको हुन्छ। यसले वर्गीय विभेद झन झन बढ्दै गएको कुरा *जय भुँडी* निबन्धले चित्रण गरेको छ। यस यथार्थतालाई देखाएर शोषित वर्ग सचेत र एकजुट भई शोषक वर्गको शोषण विरुद्ध लाग्दा मात्र समाजमा समानता आउँछ भन्ने प्रगतिवादी विचार नै यस निबन्धको मूल सन्देश हो।

## प्रगतिवादी दृष्टिले जय भुँडी निबन्धको विश्लेषण

राजनीतिमा कार्ल मार्क्सद्वारा प्रतिपादित साम्यवाद वा मार्क्सवाद नै साहित्यमा प्रगतिवाद मानिन्छ। भैरव अर्यालको *जय भुँडी* निबन्धमा मार्क्सवाद वा साम्यवादको प्रस्ट समर्थन छ। साहित्यमा प्रगतिवादलाई सामाजिक यथार्थवाद पनि भनेको पाइन्छ। प्रस्तुत निबन्धमा लेखकले सामाजिक यथार्थको कलात्मक चित्रण गरेका छन्। प्रगतिवादी साहित्यमा समाजप्रति उच्च चिन्तन, स्वाधीनताको भाव, सङ्घर्ष-चेतना, गतिशीलता र जागरुकता हुनुपर्छ भनिएको छ। प्रगतिवादी लेखकहरू किसान, मजदुर र सर्वहारा वर्गप्रति विशेष ध्यान दिँदै उनीहरूको दुःखमोचन मार्क्सवादी ढङ्गले गर्ने कुरा गर्छन् (जोशी, २०५१, पृ.६४)। यहाँ विवेच्य निबन्धमा समाजप्रति उच्च चिन्तन छ र शोषित वर्गलाई सङ्घर्षको चेतना जगाएर स्वाधीन बन्ने प्रेरणा दिइएको छ।

विश्लेष्य निबन्धमा ठाडो नारा र सोझो वर्णन पाइँदैन। यसमा त अत्यन्त कलात्मकता, अन्योक्तिमूलक प्रस्तुति र रोचकता छ। यसमा हास्यव्यङ्ग्यका माध्यमबाट यथार्थको वर्णन छ र

सामाजिक तथा आर्थिक विसङ्गतिप्रति हाँसोयुक्त व्यङ्ग्य गरिएको छ । समाज शोषक वर्ग र शोषित वर्गमा विभाजित हुन्छ भन्ने यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । प्रगतिवादले शोषकप्रति विद्रोह, शोषितप्रति सहानुभूति, पुँजीवादको विरोध, सङ्घर्ष र क्रान्तिको आह्वान गरेको हुन्छ र त्यो यस रचनामा प्रस्टै पाइन्छ । प्रगतिवादले विश्वबन्धुत्वको भावना, नवीन दृष्टिकोण, शोषित वर्गको सचेतता र ऐक्यबद्धता आदिमा जोड दिन्छ र त्यस किसिमको प्रस्तुति *जय भुँडी*मा रहेको छ । यसरी प्रगतिवादी साहित्यमा सामाजिक यथार्थताको चित्रण गरिएको हुन्छ भने निम्न वर्गको अवस्थाप्रति सहानुभूति जनाइएको पाइन्छ ।

यस सन्दर्भमा *जय भुँडी*का केही प्रसङ्गहरूलाई हेरौँ : "गोसाइँ थान जाने जात्रु हुन् वा अन्तरिक्षका यात्रु हुन्, सबैले सबभन्दा पहिले भुँडी पूजाको जोहो गर्नैपर्छ । कोही राष्ट्रसंघीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् मुख्यतः सबैलाई भुँडीपूजाले नै प्रेरित गरिसकेको हुन्छ" (अर्याल, २०६५, पृ.९४) । हो, समाजमा सबै किसिमका कामको उत्तिकै आवश्यकता तथा महत्त्व हुन्छ र सबैको मानवीय हैसियत उत्तिकै हुनुपर्छ । उपर्युक्त कथनमा जुनसुकै काम गर्ने भए पनि सबै मान्छेलाई बाँच्न वा गुजारा गर्न आधारभूत कुराहरूको उत्तिकै आवश्यकता पर्छ भनिएको छ । समाजमा शारीरिक श्रम गर्ने वर्गलाई तल्लो वर्गका रूपमा लिइन्छ । उनीहरूलाई पारिश्रमिक पनि कम दिइन्छ । यस्तो सामाजिक विभेदयुक्त धारणाको यहाँ कलात्मक चित्रण गरेर आलोचनात्मक व्यङ्ग्य गरिएको छ । यस कुरालाई अझ स्पष्ट पार्दै अर्याल अगाडि भन्छन् : "गधाझैँ लादिन परोस् वा गाईँझैँ दुहिन परोस्, कुकुरझैँ दैलैदैलो ढुक्नुपरोस् वा लाटोकोसेरोझैँ रातभरि जाग्राम बस्नुपरोस्, येनकेन प्रकारेण भुँडी पूजा गर्न सकिएन भने घरबार सब पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ कि डाँडो काट्नुपर्छ" (अर्याल, २०६५, पृ.९४) । यस अभिव्यक्तिमा कडा शारीरिक परिश्रम गर्ने मजदुर वर्ग शोषित भएकाले त्यस वर्गलाई बाँच्न वा गुजारा गर्न कठिन भएको हुन्छ भन्ने कुराको चित्रण गरिएको छ । यहाँ वर्णित वर्गका कतिपय व्यक्तिहरू आर्थिक समस्या तथा सामाजिक उपेक्षाका कारण निराश भएर आत्महत्या गर्न वा आफ्नो थातवास छोडेर पलायन हुन बाध्य हुने गरेको वास्तविकतालाई यस भनाइका माध्यमबाट प्रस्तुत गरिएको छ ।

यस्तै क्रममा अर्याल भन्छन् : "भुँडीपूजाको लागि हाम्रा कैयन् पुर्खाले परचक्रीको दैलो कुरे । हुक्काको नदीदेखि बन्दुकको नालीसम्म बोके । अझै कैयौँ बुढिया र दुलही नानीहरू भुँडीको पूजासामा खोज्न निस्केका आफ्ना छोरा र दुलहाहरूको प्रतीक्षामा आँखा तान्दै छन्" (अर्याल, २०६५, पृ.९४) । यसरी नेपाली समाजमा आर्थिक विपन्नताका कारण भरिया, दरबान आदि भएर जीवन बिताउनुपरेको कुरा पहिल्यैदेखि अहिलेसम्म पुस्तौँ पुस्तादेखि चलिआएको यथार्थ हो । कामको खोजीमा बिदेसिएका कतिपय पुरुषहरू उतै बेपत्ता भएकाले गाउँघरमा कयौँ नारीहरू आआफ्ना पति र छोराको प्रतीक्षामा तड्पिएर जीवन बिताइरहेका छन् । यो नेपाली जनजीवनको तितो वास्तविकतालाई लेखकले यहाँ प्रस्तुत गरेका छन् । यसै गरी यस निबन्धमा "भुँडीलाई मुख्यतः चार भागमा वर्गीकरण गर्न सकिन्छ" (अर्याल, २०६५, पृ.९४) भनेर समाजको वर्गीय असमानतालाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

> पहिलो हाँडी घोप्टे भुँडी । सकेसम्म अरू साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याएर दुनियाँमा भुँडीवादको सिद्धान्त लागू गर्न हाँडीघोप्टे भुँडी सधैँ हाँडीजस्तै मुख बाइरहेको हुन्छ । कर्म न कुकर्म, शर्म न बेशर्म, धर्म न अधर्म कुनै कुराको छ्यान विचार नगर्ने हुनाले नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडीघोप्टे भुँडीकै सामु घोप्टिन पुगेका छन् । (अर्याल, २०६५, पृ.९४)

उक्त अभिव्यक्तिमा लेखकले समाजका थोरै सङ्ख्यामा रहेका मानिसहरूको सम्भ्रान्त वर्ग, सामन्ती तथा शोषक वर्गलाई हाँडीघोप्टे भुँडीको संज्ञा दिएका छन् । नेपाली समाजका आर्थिक तथा पहुँचका दृष्टिले उच्च वर्गको देशका आर्थिक स्रोत विभिन्न तरिकाले आफ्नो हातमा पार्ने र श्रमिक वर्गको श्रम शोषण गर्ने वर्गका रूपमा चित्रण गरेर त्यसको वर्गीय चरित्रलाई देखाएका छन् । लेखकले यो वर्ग समाज र राष्ट्रदेखि विश्वमै आफ्नो पकड जमाएर रहेको हुन्छ भन्ने विचार प्रकट गरेका छन् ।

त्यसै गरी दोस्रो वर्गलाई घ्याम्पे भुँडीका रूपमा यस प्रकारले चिनाइएको छ : "दोस्रो घ्याम्पे भुँडी जो हाँडीघोप्टे भुँडीभन्दा अलि सानो भए पनि स्वभावमा भने प्रायः उस्तै उस्तै हुन्छ" (अर्याल, २०६५, पृ.९५) । यहाँ उच्च मध्यम वर्गलाई घ्याम्पे भुँडी भनिएको छ र यो वर्ग पनि उच्च वर्गीय चरित्रकै हुने भएकाले निम्न वर्गीय जनजीवनलाई यसले पनि कुनै न कुनै रूपमा शोषण गरेकै हुन्छ भन्ने लेखकको विचार व्यक्त भएको छ । यथार्थमा हेर्दा समाजमा त्यस्तै नै देखिएको छ । तेस्रो वर्गलाई लेखकले टाकनटुकन भुँडी भनेका छन् : "तेस्रो टाकटुकन भुँडी, जसलाई नैवेद्य जुटाउन सत्रतिर दाह्रा डिच्याई टाकनटुकन नगरी हुँदैन" (अर्याल, २०६५, पृ.९५) । दुःखले दैनिक रूपमा जीवन धान्नसम्म सक्ने भएकाले यसलाई निम्नमध्यम वर्ग भन्न सकिन्छ । यसलाई गुजारा गर्न नै धौधौ परेको हुन्छ । दैनिक गुजाराबाहेक कुनै अतिरिक्त आर्थिक आवश्यकता पऱ्यो भने घ्याम्पे भुँडीवालसँग ऋण काढेर काम चलाउनुपर्ने हुन्छ । त्यसको परिणाममा आफूसँग भएको केही जेथा पनि साहुकै अधीनमा परेर यस वर्गले रित्तै हुनुपर्ने हुन सक्छ ।

लेखकले चौथो वर्गलाई ठण्डाराम भुँडीको नाम दिएर यसो भनेका छन् : "अर्को ठण्डाराम भुँडी, जो प्रायः खोक्रै रहन्छ । हाँडीघोप्टे र घ्याम्पे भुँडीले खँगारेका यी ठण्डाराम भुँडीहरू यहाँमात्र होइन, पृथ्वीको भुँडीभरि 'ठाउँ न ठहर धोको न रहर' भै भकुण्डिरहेका छन् । कति वानरको फौजभैँ धमाइन्छन् भने कति भेडाको भाउमा खरिदिन्छन् पनि" (अर्याल, २०६५, पृ.९५) । यस्तो ठण्डाराम भुँडी गरिबीको रेखामुनि परेको सर्वहारा वर्ग हो । दैनिक ज्यालादारी गर्न पनि निश्चितता नभएको यस वर्गले प्रायः पेट भर्नकै निम्ति पनि तड्पिनुपर्ने हुन्छ । त्यसैले लेखकले यस वर्गलाई प्रायः खोक्रै रहन्छ भनेका छन् । यस वर्गको गरिबीको विवशतालाई दुरुपयोग गर्दै हाँडीघोप्टे र घ्याम्पे भुँडीवालहरूले यिनलाई शोषण गरिरहेका हुन्छन् । लेखकले भनेभैँ वास्तवमा यस वर्गका मानिसहरूले संसारभरि नै दुःख पाइरहेका छन् । निम्न वर्गका मानिसहरूको विवशतालाई लेखकले यसरी प्रस्तुत गरेका छन् :

> भुँडीको नैवेद्यको लोभले भुँडीवालाका जुनसुकै सर्तमाथि नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्नुपर्दा कति टाकनटुकन भुँडीहरूले हाँडीघोप्टे भुँडीभैँ हाउडे भुँडीमा पस्नुपरेथ्यो । ...एसिया, अफ्रिकाका कैयौँ टाकनटुकन भुँडीहरूले अभै पश्चिम फर्केर 'भवति भवति गहुँ मे देहि' भनी प्रार्थना गर्न छुटेको छैन । (अर्याल, २०६५, पृ.९५)

समाजका गरिब मजदुर, किसान वर्गले पुँजीपतिसँग आफ्नो आर्थिक समस्या टार्न जस्तोसुकै सर्त पनि स्विकारेर काम या आर्थिक कर्जा लिनुपर्ने बाध्यता थियो र अहिले पनि छँदै छ। त्यस्तो परिस्थितिले केही भएको आफ्नो सम्पत्ति पनि साहुका हातमा परेर लेखकले भनेझैँ टाकनटुकन भुँडी पनि ठण्डाराम हुन पुगेको यथार्थ पनि छँदै छ। यसरी वर्गीय समानताका विपरीत वर्गीय असमानताको खाडल अझ बढ्दै जाने कुरा विगतदेखि वर्तमानसम्म नै रहेको छ। विशेष गरेर नेपाल मात्र होइन एसिया र अफ्रिकाका गरिब देशहरूले नै विकसित पश्चिमा मुलुकसँग भिक्षा माग्ने गरेको प्रचलन रहेको छ। उपर्युक्त कथनमा लेखकले आर्थिक अभावका कारणले दुःख भोगिरहेका अत्यन्त गरिबको अवस्थालाई प्रस्तुत गरेका छन्।

त्यसै गरी लेखक मानव इतिहासमा मान्छेले बाँच्नका लागि गरेका सङ्घर्ष, वर्गद्वन्द्व र शोषित वर्गको सङ्गठित शक्तिको आवश्यकतालाई निम्नलिखित अनुसार प्रस्तुत गर्छन् :

> सुरुमा काँचो तरुल र भ्याकुरले भुँडीपूजा गर्ने मान्छेले आज पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिई हलो चलाई नैवेद्य फलायो। तर एकले अर्कोको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुरा भकुर गर्न थाले। बलियो भुँडी घ्याम्पे भए, घ्याम्पा घ्याम्पा जुधे कोही हाँडघोप्टे हुन पुगे त धेरैजसो ठण्डाराम भै भकुण्डिए। आखिर अरबौँ ठण्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनुपऱ्यो। भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ। फलस्वरूप मार्क्सले भुँडीपूजाको समान पद्धति सोचे, भुँडीवालहरूले उनलाई उडाए, तर आखिर कतिपय देशका ठण्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन (अर्याल, २०६५, पृ.९५)।

उक्त कथनमा मानव इतिहासको आदिम साम्यवादी युग, कृषि युगको विकास, किसान र मजदुरको श्रमबाट भएको उपार्जनमा मालिक र सामन्तहरूको एकाधिपत्यबाट विकसित दास युग र सामन्ती युगमा गरिब वर्गले भोग्नुपरेको उत्पीडन र वर्गसङ्घर्षको क्रमलाई उठाइएको छ। विभिन्न समयमा भएका युद्ध र महायुद्धमा शक्तिशाली वर्गले कमजोर वर्गमाथि गरेको दमनलाई पनि यहाँ प्रस्तुत गरिएको छ। यस्ता विभिन्न सङ्घर्षपछि पनि शासक र पुँजीपति वर्गबाट दबाइएको बहुसङ्ख्यक मानवको निम्न वर्गका मजदुर, किसान, गरिबहरू सचेत र सङ्गठित भएर केही सङ्ख्यामा मात्र रहेर पनि आर्थिक स्रोत आफ्ना हातमा पारेर बहुसङ्ख्यक मानवमाथि शोषण र दमन गर्ने वर्गसँग समानताका लागि लड्नुपर्ने विचारबाट मार्क्सवादको जन्म भएको र केही मात्रमा भए पनि त्यस्तो सङ्घर्षले सफलता पाएको कुरा यहाँ प्रस्तुत गरिएको छ। यस्तो यथार्थको वर्णन गरेर लेखकले उक्त कथनमा शोषित, पीडित वर्गले सचेत र एकजुट वा सङ्गठित भएर समान अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने विचार पनि व्यक्त गरेका छन्। यस्ता सङ्घर्षका केही प्रसङ्गहरू पनि निम्नलिखित अनुसार प्रस्तुत गरिएका छन् :

> यसै गरी करोडौँ ठण्डाराम भुँडीहरूले भारतमा सर्वोदयको सपना देखे भने लाखौँ ठण्डाराम भुँडीहरूको उचित पूजाको लागि नेपालले भूमि सुधारको योजना लागू गर्न परिरहेछ। तैपनि हाँडीघोप्टे र घ्याम्पे भुँडीहरू ड्यारड्यार डरडर गरी भर्सेलीबाट भाग्नुपरेका बिरालाझैँ नाक बजाउँदै छन्। तर नैवेद्यको जोरजामका लागि कसिएका ९५ प्रतिशत भुँडीहरूको माझमा निहुँ खोज्न लागे भने उनीहरूको जुगानुजुगदेखि टन्किएको भुँडीले मादल र दमाहाझैँ बज्नुपर्ने कुरा स्वतः सिद्ध भइसकेको छ। कुराको जरो यही हो। (अर्याल, २०६५, पृ.९५)

शोषित वर्गले शासक तथा पुँजीपति वर्गसँग सङ्घर्ष गर्ने क्रममा भारतमा भएको सर्वोदय आन्दोलनको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ। त्यस्तै उक्त कथनमा नेपालमा विभिन्न समयमा भएका सङ्घर्षले भूमिसुधार योजना लागु गर्ने काम भएको छ तापनि अझैँ शासक, पुँजीपति वर्ग आफ्नो आधिपत्यलाई कायम राख्ने प्रयास गरिरहेको छ। पूर्ण अधिकार प्राप्तिका लागि भने पञ्चानब्बे प्रतिशत पीडित मानिस भएको शोषित वर्गले सचेत र एक जुट भएर सङ्घर्षमा उत्रिने हो भने केही सङ्ख्यामा भएको पुँजीपति र शासक वर्गको केही लाग्दैन भनेर अधिकारका लागि सचेतापूर्वक सङ्गठित भएर लाग्नेपर्ने सन्देश दिइएको छ।

शोषणको क्रम चरमोत्कर्षमा पुग्दा शोषक वर्गले थाम्न नसकेर विस्फोट भएर विद्रोह चर्केपछि समाजवाद वा साम्यवाद आउँछ भनेर आशावादी विचार पनि यहाँ प्रस्तुत गरिएको छ : "जुन दिन भूमिसुधारको महामेला सकिएर खोजेजस्तै गरी सबैले भुँडीपूजाको सौभाग्य पाउलान्, त्यसै दिन व्यास बाजेका अठार पुराणमा उन्नाइसौँ महापुराणको रूपमा मेरो भुँडीपुराण कसो नजोडिएला त ?" (अर्याल, २०६५, पृ.९६)। प्रगतिवादी साहित्य स्वान्त सुखाय नभएर बहुजन हिताय हुनुपर्छ र हुन्छ भन्ने विचारअनुरूप माथिको भनाइमा बहुजन हितायको अभिव्यक्ति पाइन्छ। अर्को कुरा प्रगतिवादी साहित्यमा अदृश्य शक्ति, अदृश्य लोक वा रहस्यलाई महत्त्व दिइँदैन बरू यसै लोकको विकास र मानव जातिको भलाइलाई केन्द्र बनाइएको हुन्छ। प्रस्तुत उक्तिमा पनि यसै लोक र यहाँका मानव जातिको समानता र अधिकार प्राप्तिमा जोड दिइएको पाइन्छ।

यसरी भैरव अर्यालको यस विवेच्य *जय भुँडी* शीर्षकको हास्यव्यङ्ग्यात्मक निबन्धमा तत्कालीन शासन व्यवस्थाबाट बच्नका लागि भाषाशैली र अभिव्यक्तिगत प्रस्तुतिमा घुमाउरोपन तथा कलात्मक प्रक्रिया अँगालेर तत्कालीन सामाजिक यथार्थ, शोषक र शोषित वर्गबिचको द्वन्द्व देखाएर शोषित वर्गको चेतनाको विकास र ऐक्यबद्धतामा जोड दिइएको छ। यो नै प्रगतिवादी साहित्यिक अभिव्यक्तिको महत्त्वपूर्ण पक्ष हो।

वास्तवमा *जय भुँडी* कुनै अप्रत्यक्ष देवीदेवता वा भगवान्को पुराण नभएर प्रत्यक्ष रूपमा जीवन भोगिरहेको मानव जातिको वास्तविक पुराण हो। यसका प्रत्येक अभिव्यक्तिमा मानव जातिको वास्तविक भोगाइ, शासक वा पुँजीपति वर्गले शासित वा विपन्न वर्गमाथि गर्ने गरेको शोषणको विरोध गरिएको छ। यसमा शोषित वर्ग सचेत र सङ्गठित भएर आफ्नो अधिकारका लागि लड्नुपर्ने र त्यसो गरेमा शोषक वर्ग परास्त भएर समानता आउने कुरामा दृढ विश्वास व्यक्त गरिएको छ।

## निष्कर्ष

परम्परागत रूपमा चलिआएको शासक-प्रशंसा, ईश्वरस्तुति, शृङ्गारिकता, शास्त्रीय शिल्प-प्रमुखता, कल्पना, भावुकता र परलोक जस्ता कुरालाई महत्त्व दिने साहित्यभन्दा भिन्न बहुसङ्ख्यक मानवको हित, सामाजिक यथार्थता, भौतिक विकास, अन्याय अत्याचारको विरोध, मानवता, विश्वबन्धुत्व र मानवीय चेतना प्रवाह गर्ने, उपेक्षित वर्ग शोषणको विरुद्ध सचेत र एकजुट भएर आफ्नो खोसिएको अधिकार प्राप्तिमा लाग्नुपर्ने उद्देश्यको सृजना प्रगतिवादी साहित्य हो। यही प्रवृत्ति भैरव अर्यालको प्रस्तुत *जय भुँडी* निबन्धमा पाइन्छ।

यसमा ऐतिहासिक चेतना छ । वर्गभेद र यथास्थितिको चित्रण छ । त्यसप्रति घुमाउरो र रोचक ढङ्गले विरोध जनाइएको छ । बहुसङ्ख्यक जनजीवन उपेक्षित भएको यथार्थलाई देखाइएको छ । यस निबन्धमा उपेक्षित वा शोषित वर्गले आफूमाथि भइरहेको शोषणलाई बुझेर आफ्नो वर्गीय हितका लागि सचेत र सजग भएर लड्न एकजुट हुनुपर्ने सन्देश छ । सचेतता र एकताबाट गरिएको विद्रोहले खोसिएको अधिकार प्राप्त गर्न सकिने दृढता व्यक्त गरिएको छ । यस्तो समानताका पक्षमा रहेको प्रगतिवादी विचारलाई रोचक हास्यव्यङ्ग्य कलाका माध्यमबाट प्रस्तुत गरिएको हुँदा *जय भुँडी* विशिष्ट हास्यव्यङ्ग्यात्मक तथा प्रगतिवादी निबन्ध हो ।

अतः तत्कालीन नेपाली समाजको वर्गविभेद र शोषणको चित्रण गरी शोषित वर्गलाई सचेत र एकताबद्ध भएर खोसिएको अधिकार प्राप्तिका लागि लड्न आह्वान गरिएकाले यो प्रगतिवादी वैचारिक निबन्ध हो ।

## सन्दर्भ सामग्री

अग्रवाल, केदारनाथ र अन्य. (२०१९ जुलाई १८). *NET/प्रगतिवाद–जन्म, कवि, विशेषताएँ–प्रगतिवादी काव्यधारा.* (लेख). Hindi https: www.mycoaching. in

अर्याल, भैरव. (२०६५). *भैरव अर्यालका हास्यव्यङ्ग्य* (दोस्रो सं.). काठमाडौं : भैरव पुरस्कार गुठी ।

जोशी, कुमारबहादुर. (२०५१). *पाश्चात्य साहित्यका प्रमुख वाद.* काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.). (२०४०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, गणेश. (२०५५). 'प्रगतिवाद' *नेपाली साहित्यकोश.* (सम्पा. ईश्वर बराल र अन्य), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Swami, A. (2020 September 28). *NET/ JRF HINDI, CLASS-82 Pragtibad Part- 1* (Youtube video). Retrieved from https://www.youtube.com/watch?v=jYC9lVsIUII